नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(आन्तरिक ब्यवस्थापन शाखा)

नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाण्डौ

पत्र संख्या :- आन्तरिक/विविध/फा.सं.१४-०७७/७८
चलानी .नः 626

मितिः- २०७७/१०/१३

श्री जिल्ला समन्वय समितिको कार्यालय सबै,
श्री स्थानीय तह(गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका) सबै ।

विषयः- निर्वाचन सम्पर्क व्यक्ति तोक्ने सम्बन्धमा।

प्रस्तुत विषयमा निर्वाचन आयोग, नेपालको चं.नं.३०२ मिति २०७७/१०/०८ को पत्र यसै साथ संलग्न छ। सोहि पत्रबाट व्यहोरा अवगत गरी संलग्न बमोजिमको विवरणको जानकारी सम्बन्धित जिल्ला निर्वाचन कार्यालय र यस मन्त्रालयलाई समेत उपलब्ध गराउनु हुन आदेशानुसार अनुरोध छ ।

२०७७/१०/१३

(नारायण प्रसाद भट्टराई)
शाखा अधिकृत

बोधार्थः
श्री सूचना तथा प्रविधि शाखा,बेवसाइटमा अपलोड गर्नुहुन।

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

मितिः २०७७/१०/८

प.सं. च.नं./Ref: ३०२
(१-१-१-२४ क.प्र.) ०७७-७८

बिषयः निर्वाचन सम्पर्क व्यक्ति तोक्ने सम्बन्धमा ।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सङ्घीय मामिला महाशाखा, सिंहदरवार, काठमाडौं ।

प्रस्तुत विषयमा निर्वाचन आयोगसँग सम्बन्धित विद्यमान ऐन, नियम, निर्देशिका लगायतमा भएको व्यवस्था अनुसारको कार्यसम्पादन गर्ने क्रममा स्थानीय स्तरमा मतदाता नामावली संकलन तथा अद्यावधिक गर्ने, निर्वाचन तथा मतदाता शिक्षा कार्यक्रम, निर्वाचनसँग सम्बन्धित विभिन्न सूचना तथा सन्देशको सम्प्रेषण गर्ने लगायतका कार्यहरु सञ्चालन गर्न र आयोगबाट तोकिएका कार्यहरुमा आवश्यक सहयोग र समन्वयका लागि सबै स्थानीय तहमा शिक्षा वा सामाजिक बिषयसँग सम्बन्धित शाखाको प्रमुखलाई निर्वाचन सम्पर्क व्यक्ति तोक्न तहाँ मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरेको हुँदा सबै स्थानीय तहमा सोही अनुसार निर्वाचन सम्पर्क व्यक्ति तोकी संलग्न फाराम अनुसारको विवरण सहित यस आयोग र सम्बन्धित जिल्ला निर्वाचन कार्यालयलाई जानकारी गराउने व्यवस्था हुन निर्वाचन आयोगको मिति २०७७/१०/७ को निर्णयानुसार अनुरोध छ । स्थानीय तहमा रहने निर्वाचन सम्पर्क व्यक्तिको कार्यविवरण यसैसाथ संलग्न छ ।

सादर अवगतार्थ
माननीय प्रमुख निर्वाचन आयुक्तज्यू,
माननीय निर्वाचन आयुक्तज्यूहरु,
श्रीमान् सचिवज्यू,

(कोमलप्रसाद धमला)
उपसचिव

बोधार्थः
श्री सबै महाशाखा/शाखाहरु, निर्वाचन आयोग ।
श्री जिल्ला निर्वाचन कार्यालय, सबै ।


कान्तिपथ, काठमाडौँ, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्सः (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

BASHYAL 077-78. Let to MOGA

## ख. स्थानीय तहमा रहने सम्पर्क व्यक्तिको कार्य विवरण

१. स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा दर्ता हुन आएका विवरणहरूमध्ये मतदाता नामावली अद्यावधिक कार्यका लागि आवश्यक पर्ने विवाह दर्ता, मृत्यु, बसाईसराई जस्ता विवरण आफ्नो स्थानीय तहका वडा कार्यालहरूबाट प्राप्त गरी सम्बन्धित जिल्ला निर्वाचन कार्यालयमा निरन्तर पठाउने र आफ्नो स्थानीय तहको निर्वाचनसँग सम्बन्धित क्रियाकलापहरूको अभिलेख व्यवस्थित रूपमा राख्ने,

२. स्थानीय तहमा सञ्चालन हुने मतदाता नामावली संकलन तथा अद्यावधिक कार्य, मतदाता शिक्षा, तालिम, सचेतना, अन्तरक्रिया जस्ता निर्वाचनसँग सम्बन्धित कार्यक्रममा खटिएका कर्मचारीलाई सहयोग तथा समन्वय गर्दै स्थानीय तहका सामुदायिक संस्था, टोल विकास संस्था, उपभोक्ता समिति, सहकारी संस्था, सामुदायिक सिकाई केन्द्र लगायत समुदायमा आधारित संस्थाहरूका कार्यक्रम मार्फत समेत निर्वाचन शिक्षा कार्यक्रम सञ्चालन गर्न गराउन प्राथमिकताका साथ पहल गर्ने,

३. स्थानीय तहका मतदाताहरूलाई आयोगका कार्यक्रम, गतिविधि, सन्देश र सूचनाहरूको उपयुक्त विधि र प्रविधिको प्रयोग गरी जानकारी गराउने र आफ्नो कार्यालयको Display Board मा त्यस्ता सूचनाहरू अपलोड गर्ने । साथै आयोगद्वारा वितरण हुने मतादाता परिचयपत्र लगायत मतदाता सचेतना सम्बन्धी सामग्रीहरूको वितरणमा आवश्यक समन्वय र सहजीकरण गर्ने,

४. स्थानीय तह अन्तर्गत निर्वाचनमा लैङ्गिक तथा समावेशी क्रियाकलापहरू पहिचान गरी जिल्ला निर्वाचन कार्यालयको समन्वयमा कार्यक्रम सञ्चालन गर्नुका साथै आफ्नो स्थानीय तहमा आयोगको लैङ्गिक सम्पर्क व्यक्तिको रूपमा समेत कार्य गर्ने

५. आयोगको निर्णय बमोजिम सञ्चालन हुने घुम्ती मतदाता दर्ता कार्यक्रम, घुम्ती निर्वाचन शिक्षा तथा मतदाता शिक्षा कार्यक्रम, विद्यालयमा सञ्चालन हुने मतदाता शिक्षा कार्यक्रम, सीमान्तकृत वर्गका लागि आमपहुँच (Outreach) कार्यक्रम जस्ता कार्यक्रम सञ्चालन गर्न सहयोग पुऱ्याउनुका साथै निर्वाचनका सबै चरणहरूमा निर्वाचन सम्पर्क विन्दुका रूपमा काम गर्ने र क्षमता विकास, प्रशिक्षण, अन्तरक्रिया, तालिम जस्ता कार्यक्रमहरूमा निर्वाचनको स्रोत व्यक्तिको रूपमा काम गर्ने,

६. स्थानीय तहभित्र रहेका मतदान स्थल तथा मतदान केन्द्रहरूको पूर्वाधार विकास गर्न, स्तरोन्नति गर्न र अपाङ्गमैत्री बनाउन स्थानीय तहको वार्षिक कार्यक्रममा समावेश गर्न पहल गर्ने,

७. निर्वाचनसँग सम्बन्धित सबै गतिविधिहरूका बारेमा आयोगमा नियमित रिपोर्टिङ गर्ने तथा समय समयमा आयोग तथा जिल्ला निर्वाचन कार्यालयले तोकेका अन्य काम गर्ने ।

निर्वाचन आयोग नेपाल २०२३

# स्थानीय तहमा रहने निर्वाचन सम्पर्क व्यक्तिको विवरण

प्रदेशः-

जिल्लाः-

स्थानीय तहको नामः-

सम्पर्क व्यक्तिकोः-

| नाम | पद | ठेगाना | | सम्पर्क नं. | | | हालको पदमा नियुक्ति मिति | शैक्षिक योग्यता | तालिम सम्बन्धी विवरण |
|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | अस्थायी | कार्यालय | मोबाइल | इ-मेल | | | |
| | | | | | | | | | |

विवरण भर्नेको नामः-

पदः-

कार्यालयः-

प्रमाणित गर्नेको नामः-

पदः-

कार्यालयः-